गण्डकी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय, तनहुँ

तनहुँ दमौली

प.स.२०८२/०८३

च.नं.

## सिलवन्दी वोलपत्रद्वारा काठ/दाउरा लिलाम विक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति :- ०८२/०९/१८

(आर्थिक राष्ट्रिय दैनिक पत्रिका)

तनहुं जिल्लाको व्यास नगरपालिका वडा नं. ८ स्थित क्यामिनकोट मां माई कालिका धार्मिक वन क्षेधमा हावाहूरीका कारण जरै देखि ढलेका सल्ला जातका रुखहरु संकलन पश्चात सव डिभिजन वन कार्यालय, व्यासको च.नं. १२२ मिति २०८२।०९।०३ को पत्रवाट नापी लगत सहित यस कार्यालयमा पेश भएकोमा यस कार्यालयको मिति २०८२।०९।१४ को निर्णय अनुसार तपसिलमा उल्लेख भए वमोजिम काठ दाउरा लिलाम विक्री गर्नू परेको हुंदा पहिलो पटक यो २१ दिने सुचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारमा आधारित सूचिकृत उद्योग वा फर्मले तपशिलका शर्तहरु पुरा हुने गरी गोप्य सिलबन्दी वोलपत्र प्रस्ताव दाखिला गर्न आव्हान गरिन्छ ।

तपसिल

१) वन पैदावारको विवरण :

| वन पैदावारको | | | | | | | | संकलन खर्च रु | घाटगद्धि स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण | दर | न्यूनतम मुल्य (मू.अ.कर वाहेक) | | | |
| ४ | खोटेसल्ला | गोलिया | B | २४७ | १०२८.४१ क्यु.फिट | १५०।- | १५४२६१।५० | ५०,९०६।३० | व्यास ८, तनहुं स्थित धार्मिक वन क्षेत्र | |
| | खोटेसल्ला | दाउरा | - | - | १.५ चट्टा | ४०००।- | ६०००।- | ७४२५।- | | |
| | जम्मा | - | - | - | - | - | १,६०,२६१।- | ५८,३३१।३० | | |

(२) वोलपत्र फाराम खरिद गर्नु पर्ने अन्तिम मिति :
(क) मिति २०८२/१०/०८ कार्यालय समय भित्र
(ख) स्थान : डिभिजन वन कार्यालय, तनहूँ र वन निर्देशनालय गण्डकी प्रदेश पोखरा ।

(३) वोलपत्र फाराम दाखिला गर्नु पर्ने :
(क) स्थान : डिभिजन वन कार्यालय, तनहूँ र वन निर्देशनालय, गण्डकी प्रदेश पोखरा ।
(ख) मिति : २०८२/१०/०९ गते दिनको १२ वजे भित्र ।

(४) वोलपत्र फारामको दस्तुर रु १०००/- (पछि फिर्ता नहुने गरि) तिरी यस कार्यालयवाट यस कार्यालयको नाममा रहेको नेपाल वैंक लि. दमौली शाखाको खाता नं. २७३०२००००१००१००००१ मा प्रयोजन वोलपत्र खरिद लेखि, कार्यालय कोडमा ३२९०१३८०२४, राजश्व शिर्षक १४२२९ मा जम्मा गरेको भौचर बुझाई खरिद गर्न सकिनेछ ।

(५) वोलपत्रसाथ कवोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको ख २.३ - प्र ले नि का तनहूँ को धरौटी खाता ०६००२०००००२००३००००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ वा वैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तीमा ६ महिनासम्मको हुनु पर्नेछ ।

(६) लिलाममा राखिएको वन पैदावार घाटगद्धीस्थानमा गई हेर्न सकिनेछ ।

(७) लिलाममा भाग लिन ईच्छुक काष्ठ व्यवसायीले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, काष्ठ व्यवसायीको प्रमाणपत्रको प्रतिलिपी, वन पैदावारमा आधारित सुचीकृत उद्योगको प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी वोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

(८) रितपूर्वक पर्न आएका सिलवन्दी वोलपत्रहरु मिति २०८२/१०/०९ गते दिनको २.०० बजे साक्षीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ ।

(९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर, तथा संकलन खर्च समेत वुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधीभित्र उठाई लैजानु पर्नेछ ।

(१०( वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

(११) वोलपत्र खरिद गर्ने वा दाखिला गर्ने र वोलपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु सो को भोलिपल्ट कार्यालय खुलेको दिनमा हुनेछ ।

(१२) यस कार्यालयवाट विक्री नभएको, म्यादभित्र दाखिला नभएको वा रित नपुगी पेश भएका वोलपत्र उपर कुनै कारवाही हुने छैन ।

(१३) वोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार अधिकार प्राप्त अधिकारीमा रहेनेछ ।

(१३) यसमा कुनै कुरा वाझिएमा प्रचलित ऐन नियम वमोजिम हुनेछ । अन्य थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।